# महाकाली नगरपालिकाको विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका, २०७५

## (पहिलो संशोधन, २०७६)

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७६/०२/१०

महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्तावना:
महाकाली नगर कार्यपालिकाको महाकाली नगरपालिकाको विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

महाकाली नगर कार्यपालिकाको विपद् व्यवस्थापन विशेष कोष संचालन निर्देशिका, २०७५ को दफा (३३) को उपदफा (१) बमोजिम देहायको निर्देशका संशोधन गरी नगर कार्ययपालिकाको बैठकवाट स्वीकृत गरी लागु गरिएको छ ।

| सविकको दफा, उपदफा | थप/संशोधन गर्नु पर्ने दफा, उपदफा | थप/ संशोधन गर्न पर्ने कारण |
|---|---|---|
| निर्देशिका को दफा २ उपदफा १०<br>१० प्रमुख प्रशासनिक अधिकृत भन्नाले सेथानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नगरपालिकाको प्रमुख प्रशासनिक अधिकृतको रुपमा कामकाज गर्न तोकिएको प्रमुख प्रशासनिक अधिकृतलाई सम्झनु पर्दछ। | निर्देशिकाको दफा (२) उपदफा (१२) मा संशोधन<br>१०. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकीएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।<br>कार्यविधिमा प्रमुख प्रशासनिक अधिकृत उल्लेख भएको स्थानमा प्रमुख प्रशासकीय अधिकृत उल्लेख गरी सच्याईने छ । | शव्दावली फरक परेकोले |
| निर्देशिका को दफा २ उपदफा १२<br>१२ "संयोजक" भन्नाले कोष संचालक समितिको संयवजकलाई सम्झनु पर्दछ। | निर्देशिकाको दफा (२) उपदफा (१२) मा संशोधन<br>१२. "संयोजक" भन्नाले कोप संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ । | शव्दावली फरक परेकोले |
| १६.समितिको काम कर्तव्य र अधिकार | दफा (१६) मा देहाय बमोजिमका उपदफा थप गर्ने<br>१०) उद्धार तथा राहत कार्य व्यवस्थापन गर्न नगरपालिकाकाको प्रत्येक वडामा ३ (तीन) जनाको उद्धार टोली स्थापना गरी कार्यान्वयनमा ल्याउने र उक्त उद्धार टोली स्वयम् सेवकको रुपमा परिचालन गर्न सकिने छ ।<br>११) वारुण यन्त्र तथा विपद उद्धालको लागि नगरपालिका भित्र नगर | |

प्रमुख प्रशासकीय अधिकृत २०७६।०२।२०

| साविकको दफा, उपदफा | थप/संशोधन गर्नु पर्ने दफा, उपदफा | थप/ संशोधन गर्न पर्ने कारण |
|---|---|---|
| | आपतकलिन कार्य संचालन केन्द्र (MEOC) स्थापना गर्न सकिने छ ।<br>१२) नगरपालिका क्षेत्र भित्र हुने विपद् व्यवस्थापन तथा उद्धार र राहत कार्यलाई प्रभावकारी संचालनका लागि चौविसै (२४) घण्टा तैनाथ रहने गरी १ (एक) जना प्रमुख सहित ६ (छ) जनाको विपद् प्रतिकार्य दस्ता गठन गर्न सकिनेछ ।<br>१३) उपदफा (१२) बमोजिम छनौट हुने विपद् प्रतिकार्य दस्ताको प्रमुख पदमा चयन हुने व्यक्तिको योग्यता मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण–पत्र तह वा सो सरह उत्तीर्ण गरेका र टीम परिचालन गर्न सक्ने हुनु पर्ने छ र अन्य मापदण्ड दफा (१४) मा तोकिए बमोजिम हुने छ ।<br>१४) उद्धार टोली तथा विपद् प्रतिकार्य दस्ताका सदस्य छनौटका मापदण्ड देहाय बमोजिम हुने छन् ।<br>क) महाकाली नगरपालिकाको स्थायी नेपाली नागरिक हुनु पर्ने,<br>ख) २५ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको,<br>ग) फौजदारी अभियोगमा कसुरदार नठहरिएको,<br>घ) पेश्की वेरुजु बाकी नरहेको र सरककारी वाँकी सरह असुल उपर गर्न बाकी नरहेको,<br>१५) कार्यविधिको दफा १४ (ग) बमोजिम गठन भएको समितिले उद्धार तथा राहत टोली र विपद् प्रतिकार्य दस्ताको लागि जनशक्ति छनौट गर्ने छ ।<br>१६) उपदफा (१२) बमोजिम छनौट गर्नु पर्ने जनशक्ति दफा १४ (ग) बमोजिम गठन भएको समितिले छनौट गरी नियुक्त गर्न | |

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत ...

| साविकको दफा, उपदफा | थप/संशोधन गर्नु पर्ने दफा, उपदफा | थप/ संशोधन गर्न पर्ने कारण |
|---|---|---|
| नियमावलीहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ। नियमानुसारको विल भरपाईहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | १) उद्धार तथा राहत कार्यक्रम संचालन गर्दा प्रचलित ऐन तथा नियमावलीहरुको पूर्ण रुपमा पालना गर्नु पर्नेछ । उद्धार तथा राहत कार्यक्रम संचालन गरे पछि उक्त क्रियाकलापमा लागेको रकम भुक्तानी लिदा नियमानुसारको बील भरपाईहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | |
| दफा २९ रकम खर्च गर्न प्रकृयाः | <u>दफा २९ रकम खर्च गर्न प्रकृयामा देहाय बमोजिम उपदफा थप गर्ने</u><br>२) महाकाली नगरपालिका क्षेत्र भित्र विपद् बाट भएको क्षतिलाई स्थानीय प्रहरी र वडा कार्यालयको मुचुल्का तथा प्राविधिक प्रतिवेदनको आधारमा पूर्ण क्षति, आंशिक क्षति र सामान्य क्षतिको रुपमा यकिन गर्ने ।<br>३) उपदफा (२) बमोजिम क्षतिको विवरण यकिन भए पश्चात क्षातिको आधारमा देहाय बमोजिम राहत उपलब्ध गराउन सकिनेछ ।<br>क) पूर्ण क्षति भएमा रु. १०,०००।– दश हजार<br>ख) आंशिक क्षति भएमा रु. ५,०००।– पाँच हजार<br>ग) सामान्य क्षति भएमा रु. ३,०००।– तीन हजार<br>४) उपदफा (३) बमोजिम दिईएको राहत रकम त्यस पछि लगत्तै बसेको कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ । | राहत सम्बन्धी व्यवस्था नभएकोले |
| दफा ३३ . संशोधन, खारेजी तथा बचाउः | दफा ३३ को उपदफा १ मा संशोधन | शब्दावली फरक परेकोले |

प्रमुख प्रशासकीय अधिकृत

| सविकको दफा, उपदफा | थप/संशोधन गर्नु पर्ने दफा, उपदफा | थप/ संशोधन गर्न पर्ने कारण |
|---|---|---|
| १. यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थप गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधि भित्र, रही नगर सभाले संशोधन गर्न सक्नेछ । | १. यस निर्देशिकामा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थप गर्न, हटाउन वा परिमार्जन गर्नु परेमा सम्वन्धित ऐन, नियमको परिधि भित्र रही नगरकार्यपलिकाले संशोधन गर्न सक्नेछ । | |

२०७६।०२।२०

प्रमुख प्रशासकीय अधिकृत